# कन्कर्ड कोच लाईन (Concord Coach Lines ) मा सम्भावित COVID-19 संक्रमण बारे विशेष सूचना

DHHS ले समुदाय मा COVID-१९ को सम्भावित संक्रमण भएको बारेमा एक निर्देशिका जारि गरेको छ। उक्त निर्देशिका COVID-१९ बाट संक्रमित एक व्यक्ति Concord Coach Lines मा निम्न समय र रुट को बसमा सवार भएको ठहर भए पछि जारी गरिएको हो:

· ११ मार्च २०२० का दिन बिहान ०३:१५ बजे NH कन्कर्ड हुँदै - बोस्टन एक्सप्रेस लन्डन्डरी - दक्षिण स्टेशन - बोस्टन लोगन एयरपोर्ट गएको Concord Coach Line को बस ।

· १३ मार्च 2020 का दिन साँझ ०५:४० बजे लोगन एयरपोर्ट हुँदै - साउथ स्टेशन - कन्कर्ड - टिल्टन - प्लाइमाउथ - लिंकन – लिटलटन गएको Concord Coach Line को बस ।

· १४ मार्च २०२० का दिन बिहान ०५:०० बजे NH कन्कर्ड हुँदै - बोस्टन एक्सप्रेस लन्डन्डरी - बोस्टन एक्सप्रेस सलेम - साउथ स्टेशन - लोगन गएको Concord Coach Line को बस ।

· १६ मार्च २०२० का दिन दिउँसो ०१:४० बजे लोगन बाट - दक्षिण स्टेशन हुँदै - कन्कर्ड गएको Concord Coach Line को बस ।

माथि उल्लेखित समयमा कन्कर्ड कोच लाईन को बसमा सवार कुनै पनि व्यक्तिलाई नोबेल कोरोनाभाइरसको सम्भावित संक्रमन भएको हुन सक्छ। त्यस्ता व्यक्ति आफ्नो घरमै बस्नुपर्दछ र ज्वरो वा श्वासप्रश्वास सम्बन्धि समस्या को लागि नियमित स्वास्थ्य निगरानी गर्नु पर्दछ । कुनै पनि व्यक्ति जो ती बसहरूमा थिए र उनीहरुमा COVID -१९ का लक्षणहरू देखिएका छन् भने अन्य व्यक्तिहरूबाट टाढा रहनु पर्छ, र तुरुन्त आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्नु पर्छ ।

DHHS द्वारा जारि निर्देशिका यहा हेर्न सक्नु हुन्छ : View the DHHS Guidance for Self-Quarantine…